AEC Australian Electoral Commission

Nepali / नेपाली

# जनमतसंग्रहहरु

संघीय जनमतसंग्रह भनेको संविधानमा प्रस्तावित संसोधन सम्बन्धी प्रश्नमा गरिने राष्ट्रिय मतदान हो। संविधान भनेको हाम्रो देशको शासनव्यवस्थासँग सम्बन्धित आधारभूत दस्तावेज हो। सन् 1901 देखि हालसम्म 44 वटा जनमतसंग्रहहरु भएका छन्। हामीले यस्तो जनमतसंग्रह गरेको धेरै समय भइसकेको छ – पछिल्लो जनमतसंग्रह 20 वर्ष भन्दा अगाडी सन् 1999 मा गरिएको थियो।

## कसले मतदान गर्नु पर्छ

18 वर्ष र माथिका सबै अष्ट्रेलियाली नागरिकहरुले जनमतसंग्रहमा मतदान गर्नुपर्छ। तपाईंले नामदर्ता गर्नुपर्छ र यदि तपाईंले निम्न कुरा गर्नुभएको छ भने आफ्नो दर्ता विवरणहरु अध्यावधिक गर्नुपर्छ:

- हालसालै तपाईंको नाम वा ठेगाना परिवर्तन गर्नुभएको छ
- 18 वर्ष लाग्नुभएको छ, वा
- अष्ट्रेलियाली नागरिक बन्नुभएको छ

**aec.gov.au** मा जानुहोस् वा कुनै पनि AEC कार्यालयबाट दर्ता फारम लिनुहोस् ।

## कहिले र कहाँ मतदान गर्ने

मतदानको दिन शनिबार बिहान 8 बजेदेखि साँझ 6 बजेसम्म देशभर मतदान केन्द्रहरु खुला हुनेछ।

मोबाइल मतदान टोलीहरुले मतदानको दिन सम्मका हप्ताहरुमा विभिन्न दुर्गम क्षेत्रहरु पनि भ्रमण गर्नेछन्।

यदि तपाईं यो दिन आउन सक्नुहुन्न भने, तपाईं व्यक्तिगत रुपमा वा हुलाकको माध्यमबाट प्रारम्भिक मतदान गर्न योग्य हुन सक्नुहुन्छ।

थप विवरण **aec.gov.au** मा जनमतसंग्रह नजिक उपलब्ध हुनेछ।


## कसरी मतदान गर्ने

जनमतसंग्रहमा मतदान गर्ने भनेको चुनावमा भन्दा फरक हुन्छ। तपाईंले एउटा मतपत्र मात्र पुरा गर्नुपर्ने हुन्छ।

मतपत्रले संविधानमा प्रस्तावित संसोधनको बारेमा प्रश्न उल्लेख गर्छ। मतदान गर्नको लागि, यदि तपाईं प्रस्तावित संसोधन अनुमोदन गर्नुहुन्छ भने 'YES' लेख्नुहोस् र अनुमोदन गर्नुहुन्न भने 'NO' लेख्नुहोस्।

मतदान केन्द्रमा, तपाईंले मतदान अधिकृत, साथी, वा परिवारको सदस्यलाई औपचारिक मतदान कसरी गर्ने भनेर मद्दत माग्न सक्नुहुन्छ।


**यदि तपाईंले कुनै गल्ती गर्नुभयो भने चिन्ता नगर्नुहोस्।**
अर्को मतपत्र माग्नुहोस् र फेरि शुरू गर्नुहोस्।




नमुना मतपत्र

यदि तपाईंले प्रस्तावित परिवर्तन स्वीकार गर्नुहुन्छ भने **YES** लेख्नुहोस्।

**वा**




नमुना मतपत्र

यदि तपाईंले प्रस्तावित परिवर्तन अस्वीकार गर्नुहुन्छ भने **NO** लेख्नुहोस्।


तपाईंको जवाफ अँग्रेजीमा लेखिएको हुनुपर्छ।

## नतिजा कसरी फैसला गरिन्छ


संविधानमा प्रस्तावित संशोधन 'दोहोरो बहुमत' (double majority) ले अनुमोदन हुनुपर्छ – जुन हो:

- सबै प्रदेश र क्षेत्रहरु (states and territories) बाट औपचारिक मतहरुको राष्ट्रिय बहुमत (50% भन्दा बढी), र
- बहुसंख्यक प्रदेशहरुमा (छ वटा प्रदेश मध्ये कम्तिमा चार वटा) औपचारिक मतहरुको बहुमत (50% भन्दा बढी)।

**जनमतसंग्रह निम्न अवस्थामा पारित हुन्छ**




**जनमतसंग्रह निम्न अवस्थामा पारित हुँदैन**




**यसको नतिजा बाध्यकारी हुन्छ।** यसको मतलब अष्ट्रेलियाली सरकारले मतदाताहरुको निर्णय अनुसारको कार्य गर्नुपर्छ।

## जनमतसंग्रहको भ्रम तोड्ने

**भ्रम:** जनमतसंग्रह कुनै पनि विषय वा कानुनको लागि आयोजना गर्न सकिन्छ।
**तथ्य:** यिनीहरु संविधानमा प्रस्तावित परिवर्तन गर्न मात्र आयोजना गरिन्छ।

**भ्रम:** सन् 2017 को विवाह कानुन सर्वेक्षण एक जनमतसंग्रह वा प्लेबिसाइट थियो।
**तथ्य:** त्यो एक हुलाक सर्वेक्षण थियो, र सहभागिता स्वैच्छिक थियो।

**भ्रम:** जनमतसंग्रहमा मतदान गर्न अनिवार्य छैन।
**तथ्य:** तपाईं 18 वर्ष वा माथिको अष्ट्रेलियाली नागरिक हुनुहुन्छ भने तपाईंले मतदान गर्नुपर्छ।

**भ्रम:** मैले छुट्टै दर्ता गर्न आवश्यक छ।
**तथ्य:** यदि तपाईं चुनावको लागि दर्ता हुनुभएको छ भने, तपाईं जनमतसंग्रहको लागि पनि दर्ता हुनुभएको छ। तपाईंको विवरणहरु अप टु डेट छन् भनेर सुनिश्चित मात्र गर्नुहोस्।

**भ्रम:** मैले हुलाकबाट मात्र मतदान गर्नसक्छु।
तथ्य: तपाईंले मतदानको दिन मतदान गर्न सक्नुहुन्छ वा त्यस समयको नजिकै aec.gov.au मा व्यक्तिगत रूपमा गई वा पोष्टद्वारा आफ्नो मतदान गर्ने योग्यता जाँच गर्न सक्नुहुन्छ।

**भ्रम:** जनमतसंग्रह पारित हुनको लागि 70% वा बढी 'YES' मतदानको आवश्यक हुन्छ।
**तथ्य:** यो सबै प्रदेश र क्षेत्रहरुका 50% भन्दा बढी मतदाताहरु,र बहुसंख्यक प्रदेशहरु (छ वटा प्रदेश मध्ये कम्तिमा चार वटा) का 50% भन्दा बढी मतदाताहरुले अनुमोदन गर्नुपर्छ। यो 'दोहोरो बहुमत' ('double majority') हो।

## ए.इ.सि. (AEC) को भूमिका

AEC एक स्वतन्त्र र निष्पक्ष वैधानिक प्राधिकरण हो।

यसको जनमतसंग्रहमा भूमिका भनेको दर्ता, मतदान र जानकारी सेवाहरु प्रदान गर्नु हो।

AEC ले अष्ट्रेलियाली घरपरिवारहरुमा yes/no पाम्फ्लेट वितरण गरतापनि, यसमा भएको जानकारी भने संसदले तयार गर्छ। पाम्फ्लेटको वितरण बाहेक, AEC को संविधानमा प्रस्तावित परिवर्तनको लागि वा विरुद्धको अभियानमा कुनै संलग्नता छैन।

## रोक्किनुहोस् र सुचनाको स्रोतको बारेमा विचार गर्नुहोस्

जनमतसंग्रहमा तपाईंको मतले अस्ट्रेलियाको लागि एक महत्वपूर्ण निर्णय गर्न सहयोग गर्नेछ।

जनमतसंग्रह अवधिमा, तपाईंले नियतवश बनाइएका भ्रममूलक जानकारी प्राप्त गर्न सक्नुहुनेछ।

रोक्किनुहोस्, तपाईंले के देख्नुहुन्छ, सुन्नुहुन्छ, वा पढ्नुहुन्छ त्यसको स्रोतलाई चेक र विचार गर्नुहोस्। यस जनमतसंग्रहमा डिसइन्फर्मेसन (गलत सूचना) ले भ्रमित नहुनुहोस्।

स्रोत चेक गर्ने सुझावहरुको लागि **aec.gov.au** मा जानुहोस्।

यो जनमतसंग्रहमा **सुचनाको स्रोतको जाँच गर्नुहोस्।**